आज मिति २०८२ भदौ २४ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी सोही आधारमा निर्णयहरू पारित गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | ९८६१९३२९६० | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | ९८४९६६२४७१ | अनुपस्थित |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | ९८४७९१६८०९ | |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | ९८५८३२१०६५ | |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | ९८४८३०१४४१ | |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | ९७४८९०६३१४ | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | ९८६१६५५७४० | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | ९८४८५३९८४४ | अनुपस्थित |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | ९८४८३६०१०० | |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | ९७४६५२८५६६ | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | ९८४८३५८५४२ | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ५ | ९८६५२५३४०७ | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | ९७४२२६१६१० | |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | ९८४८३३०३७३ | अनुपस्थित |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | ९८४८६६८६०२ | गोमा |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | ९८४३७७०२२६ | अनुपस्थित |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | ९८५११५५६०२ | अनुपस्थित |
| १८ | प्रेम बहादुर बडुवाल | सदस्य सचिव | | ९८४८२१५३५८ | |

Scanned with CamScanner

**प्रस्तावहरु:-**

| प्रस्ताव नं. | प्रस्तावहरु | कै. |
|---|---|---|
| १ | DPR र प्राविधिक प्रतिवेदन प्रमाणित सहित विस्फोटक पदार्थ प्रयोगको लागि अनुमति सम्बन्धमा | |
| २. | ठेक्का आह्वान सम्बन्धमा | |
| ३. | MIS Operatar नियुक्ति सम्बन्धमा । | |
| ४. | फ्रीक्वेन्सी उपलब्ध सम्बन्धमा । | |
| ५. | सान्नीत्रिवेणी गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ पारित सम्बन्धमा । | |
| ६. | IEE गर्ने सम्बन्धमा । | |

**निर्णयहरू:**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकास्थित लुयाटा खोला देखि कालढुङ्गा हुँदै रकुसम्मको सडक निर्माण कार्यको लागि यस गाउँपालिकाबाट दिएको आदेशानुसार श्री बण्डालि कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.ले तयार गरेको DPR प्रतिवेदनमा उक्त सडक निर्माणको लागि धेरै जसो चेनेजमा चट्टानै चट्टान भएको मेसिनबाट काम गर्न असम्भव भएको हुँदा विस्फोटक पदार्थ प्रयोग गर्नुपर्ने भनि उल्लेख भएको साथै उक्त DPR र स्थलगत अवलोकनका आधारमा यस गाउँपालिकाका प्राविधिक टोलीले तयार गरेको फिल्ड प्रतिवेदनमा समेत विष्पोटक पदार्थ प्रयोग गर्नुपर्ने अनिवार्यता रहेको भनि उल्लेख भएको हुँदा उक्त DPR र यस गाउँपालिकाका प्राविधिक टोलिले तयार गरेको प्रतिवेदन प्रमाणित गरी विस्फोटक पदार्थ प्रयोगका लागि प्रक्रिया अगाडी बढाउनको लागि विस्फोटक पदार्थ आयात, ओसार-पसार सम्बन्धी कार्यविधि, २०७३ बमोजिमको प्रक्रिया पुर्याई अनुमतिका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिका आ.व. २०८२/०८३ मा संघीय सरकारबाट संघीय सरकारको समपुरक अनुदान अन्तर्गत नेपाल सरकारको ८० प्रतिशत र यस गाउँपालिकाको २० प्रतिशत लागत साझेदारी रहने गरी लुयाटा खोला देखि कालढुङ्गा हुँदै रकुसम्मको सडक निर्माणको लागि रु. ८ करोड ४० लाख रुपैंयाको वहुवर्षीय योजना प्राप्त भएकोले उक्त सडक निर्माणको लागि वहुवर्षिय ठेक्का आह्वान गर्ने सो का लागि नेपाल सरकारको मापदण्ड बमोजिम प्रत्येक वर्ष यस पालिकाले साझेदारी रकम सुनिश्चित गर्नुका साथै कुनै कारणवस संघीय सरकारबाट लागत साझेदारी बमोजिमको रकम प्राप्त नभएमा यस गाउँपालिकाको गाउँसभाद्वारा बजेट पारित गरी सो को सुनिश्चितता गरिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत MIS Operator को रुपमा मिति २०७६।०८।०१ बाट श्री नर प्रसाद जैसीले कामकाज गर्दै आउनुभएकोमा निजले राजिनामा दिइ उक्त पद रिक्त भएको साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. २३५ मिति २०८१।०२।३२ गतेको पत्रमार्फत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना स्थानीय सेवा ईकाइमा MIS Operatior र Field सहायक पदमा १/१ जना गरी दुई जना मात्र रहेने भन्ने व्यहोरा प्राप्त भएकोले यस गाउँपालिकामा Field सहायक पदमा २ जना कार्यरत रहेको एवम् MIS Operator पद रिक्त रहेको हुँदा यस गाउँपालिकाको Field सहायक पदमा मिति २०७६/०८/०१ देखि मिति २०८१।०४।०४ सम्म र सो मितिपश्चात हालसम्म Field सहायक र MIS Operator ले गर्ने सम्पूर्ण कार्यहरू निरन्तर

Scanned with CamScanner

रुपमा इमान्दार र कर्तब्यनिष्ट भई गर्दै आउनुभएमा श्री सूर्यमान धामीलाई २०८१/०४/०१ गतेबाट लागू हुने गरी MIS Operator पदमा करार नियुक्ति गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा रेडियो सान्नीत्रिवेणी मेहलमुडीले यस सान्नीत्रिवेणी गाउँपालिकाभित्र ९७.१ मेगाहर्ज मार्फत FM Radio स्थापना तथा सञ्चालनको लागि स्वीकृति पाएकोमा उक्त फ्रिक्वेन्सिमा पालिकाले आफै FM Radio सञ्चालन गर्न रेडियो सान्नीत्रिवेणी मेहलमुडी कालीकोट संस्थाको नामबाट यस सान्नीत्रिवेणी गाउँपालिकाको नाममा अभिलेखिकरण गरि इजाजतपत्रको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा सान्नीत्रिवेणी गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा मुम्रा देखि छापे सम्मको सडक निर्माण गर्नको लागि बन क्षेत्र परेको हुनाले सो स्थानमा EII गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

Scanned with CamScanner